स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'बले' उपनामले परिचित हाँस्य अभिनेता सागर लम्साल विवाह बन्धनमा बाँधिएका छन् । आइतबार झापाकी स्नेहा दंगालसँग उनले लगनगाँठो कसेका हुन् । यतिबेला चाबहिलको एक पार्टी प्यालेसमा उनीहरुको विवाह समारोह चलिरहेको छ । पेशाले नर्स रहेकी स्नेहासँग सागरको मागी विवाह भएको हो । प्राप्त एक तस्वीरमा उनीहरु बेहुला-बेहुलीको पहिरनमा हर्षित भावमा देखिएका छन् ।

**आजको विचार...**



विक्रम कार्की

अध्ययन...
(दुई पेजमा)

अभिनेत्री नीता ढुंगाना र ज्योतिष तथा अभिनेता हरिहर अधिकारीको निर्माण एवं अभिनय रहेको फिल्म 'ह्रस्व दीर्घ'मा नेपालीसहित भारतीय कलाकारहरुको पल्टन नै छ । नेपालबाट नीता र हरिहरका साथै विपना थापा, सञ्चिता लुईंटेल, प्रशान्त ताम्राकार, गरिमा शर्मा जस्ता कलाकार छन् भने भारतबाट ब्रम्हानन्दम, सुनील वर्मा, प्रदीप रावत, अली र कबीर दुहन सिंहले अभिनय गरेका छन् । छायांकनको अन्तिम दिनमा समेत कलाकार प्रवेशको श्रृंखला रोकिएको थिएन ।



❒ वर्ष २९ ❒ अंक ३४६ ❒ २०८१ असार ३१ गते सोमबार 15 July 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## गोली लागेर पूर्वराष्ट्रपति ट्रम्प घाइते

(रासस/एएफपी)

संयुक्त राज्य अमेरिका, असार ३०/अमेरिकी रिपब्लिकन पार्टीद्वारा पेन्सिल्भेनिआमा आयोजित र्‍यालीमा गोली प्रहार हुँदा रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा भूतपूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प घाइते भएका छन् । उनको कानबाट रगत आएको देखिएको छ । उनको हत्या गर्ने उद्देश्यले भएको ठानिएको उक्त घटनालगत्तै ट्रम्पलाई उक्त स्थानबाट बाहिर निकालिएको छ । उक्त घटनापछि ट्रम्पले आफ्नो दायाँ कानमा हात राखेको देखिन्छ । उक्त र्‍यालीमा स्थिति नियन्त्रणमा लिनुअघि पटकपटक गोली चलेको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन् । गोलीको आवाज आएपछि सुरक्षाकर्मीहरूले ट्रम्पलाई तत्कालै मञ्चबाट निकालेर गाडीतर्फ लगेका थिए । आफैँले खोलेको सामाजिक सञ्जाल 'ट्रथ सोशल'मा सन्देश लेख्दै ट्रम्पले आफू 'सकुशल रहेको' र स्थानीय स्वास्थ्य संस्थाले आफ्नो उपचार गरिरहेको उल्लेख गरेका छन् । ट्रम्पले लेखेका छन्, 'र्‍यालीमा सुईंयय गरेको आवाज सुन्नेबित्तिकै मलाई केही गडबड छ भन्ने लाग्यो, गोली चलेको र मेरो छाला खुइल्याउँदै गोली गएको मलाई महसुस भयो ।' 'धेरै रगत बगेपछि के भएको हो भन्ने मैले थाहा पाएँ,' उनले थपे । उनलाई बचाउन सुरक्षा अधिकारीहरू दौडादौड गरेको दृश्यबीच उनको कान र अनुहारमा रगत बगेको स्पष्ट रूपमा देखिएको थियो ।

# प्रधानमन्त्रीमा ओलीको पुनरागमन

## चौथों पटक प्रधानमन्त्रीमा नियुक्त, शपथ आज हुँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ३०/नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले तीन वर्षपछि सत्तामा पुनरागमन गरेका छन् । संसद्को ठूलो दल नेपाली काँग्रेसको समर्थनमा ओली चौथों पटक प्रधानमन्त्री बनेका हुन् ।

उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार नयाँ प्रधानमन्त्री नियुक्त गरेका छन् । राष्ट्रपतिले दिएको समयसीमा आइतबार अपरान्ह ५ बजे सकिएपछि राष्ट्रपतिले ओलीलाई संविधानको धारा ७६ को उपधारा २ बमोजिम नियुक्त गरेका हुन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम असार २८ मा प्रतिनिधि सभाबाट विश्वासको मतको लागि राखेको प्रस्ताव प्रतिनिधि सभाबाट बहुमतले अस्वीकृत भएपछि राष्ट्रपतिले नयाँ प्रधानमन्त्रीका लागि प्रस्ताव आह्वान गरेका थिए । राष्ट्रपतिको आह्वानपछि एमालेका अध्यक्ष ओलीले काँग्रेसको समर्थनमा सभापति शेरबहादुर देउवाको हस्ताक्षरसहित प्रधानमन्त्रीका लागि शुक्रबार दाबी पेस गरेका थिए । तोकिएको समयसीमा सकिएपछि राष्ट्रपति पौड्यालले ओलीलाई आइतबार साझाँ प्रधानमन्त्रीमा नियुक्त



गरेका हुन् । उनको शपथ भने आज सोमबार हुने छ । २०७४ को निर्वाचनपछि करिब दुई तिहाइको समर्थनमा प्रधानमन्त्री भएका ओली सर्वोच्चको परमादेशबाट हटाइएका थिए । सर्वोच्चको संवैधानिक इजलासबाट यो परमादेश जारी भएको थियो । त्यो बेला परमादेशबाट ओली हटेर कांग्रेस सभापति शेरबहादुर देउवा परमादेशबाट प्रधानमन्त्री बनेका थिए । त्यो असार २८ मा देउवासहित माओवादी केन्द्र, एमालेकै तत्कालीन विद्रोही नेता माधवकुमार नेपालसहित मिलेर ओलीले सरकार बर्हिगमन गराएका थिए । अहिले आएर देउवाकै समर्थनमा ओली प्रधानमन्त्री बनेका हुन् । बहिर्गमन भएकै दिन असार २८ मा ओलीको पुनरागमन भएको हो । उनी दुई ठूला दलको समर्थनमा शक्तिशाली प्रधानमन्त्री बनेका छन् । यसअघि नेता ओली पहिलो पटक २०७२ असोज २४ गते देशको प्रधानमन्त्री भएका थिए । त्यसैगरी, दोस्रो पटक २०७४ फागुन ३ गते र तेस्रो पटक २०७८ वैशाख ३१ गते प्रधानमन्त्री भएका थिए ।

**२६ वर्षपछि काँग्रेस-एमालेबिच सत्ता सहकार्य**

नेपाली काँग्रेस र नेकपा (एमाले) बिच यसअघि पटक-पटक सत्ता सहकार्य भइसकेको छ । पछिल्लो २६ वर्षमा काँग्रेस-एमालेबिच ६ पटक सत्ता सहकार्य हुन लागेको हो । मुलुकमा भएको ठूला राजनीतिक परिवर्तनमा यसअघि दुई दलबिच पाँच पटक सहकार्य भएको इतिहास छ । २०७० मा संविधान जारी गर्नेबेला दुई दलविच सत्ता सहकार्य भएको थियो । सरकारी रेकर्डअनुसार पहिलो पटक वि.सं. २०५५ मा काँग्रेस-एमालेबिच सत्ता सहकार्य भएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा एमालेले भरतमोहन अधिकारीको नेतृत्वमा सरकारमा सहभागी भएको थियो । सो सरकारले २०५६ वैशाखमा आम निर्वाचन गराएको थियो । २०६१ मा काँग्रेस-एमालेबिच दोस्रो पटक सत्ता सहकार्य भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रले शेरबहादुर देउवालाई २०६१ चैत २१ गते प्रधानमन्त्रीमा नियुक्त गरेका थिए ।

-बाँकी अन्तिम पेजमा


## त्रिशुलीमा बगेका बसका पाँच जनाको शव भेटियो



**चितवन,** असार ३०/गत शुक्रबार बिहान पहिरोले बगाएर त्रिशूलीमा बेपत्ता भएका दुईवटा बसका यात्रुमध्ये पाँच जनाको शव फेला परेको छ । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार माडी नगरपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाही बरहथवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी, भारतको बिहार सीतामणि बर्गिनिया जमुहवाका २८ वर्षीय ऋषिपल साह, भारत पश्चिम चम्पारणको बेतिया थानाका जयप्रकाश ठाकुर र बेतिया मझेलिया थाना गुठिया इन्दुका सज्जाद अन्सारीको शव भेटिएको हो । काठमाडौँबाट गौरतर्फ गइरहेको बागमती प्रदेश ०३-००१ख २४९५ नम्बरको बस र वीरगञ्जबाट काठमाडौँतर्फ गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरो खस्दा शुक्रबार बिहान दुवै बस त्रिशूलीमा बगेका थिए । गौरतर्फ गइरहेको बसमा ३८ जना र काठमाडौँतर्फ गइरहेको बसमा सवार २७ जना बेपत्ता भएका थिए । प्रशासनका अनुसार दुवै बसमा गरेर ६५ जना यात्रु थिए । तीमध्ये तीन जना सकुशल छन् भने बेपत्तामध्ये पाँच जनाको शव भेटिएको हो । अझै ५७ जना यात्रु बेपत्ता छन् । बेपत्ता दुई वटा बस र यात्रुहरुको खोजी कार्य भइरहेको छ ।

## एक वर्षमा सर्पको टोकाइबाट १० जनाको मृत्यु

**घोराही (दाङ),** असार ३०/यही असार १२ गते दिउँसो घर नजिकै बारीमा घाँस काट्दै गरेका तुलसीपुर उपमहानगरपालिका- १९ बाँसगढीका ५५ वर्षीय पारु चौधरीलाई सर्पले डस्यो । बायाँ हातमा सर्पले डसेका चौधरीलाई परिवारका सदस्य अस्पताल पुऱ्याउनुको साटो झारफुकतिर लागे । बिरामीको अवस्था नाजुक बन्न थाल्यो त्यसपछि मात्रै चौधरीलाई अस्पताल लैजाने तरखर भयो । जतिबेला समय निकै टरिसकेको थियो । बेलुका ८ बजे घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरे ।



तुलसीपुर-२ भमकेका ११ वर्षीय बालक घनश्याम पाठकलाई घरको कोठामा सुतिरहेको अवस्थामा असार ६ गते राति सर्पले टोक्यो । सर्पले टोक्नेबित्तिकै घनश्यामले हजुरआमालाई जानकारी गराए । घरभित्र कसरी सर्प आयो होला भनेर हजुरआमालाई विश्वास लागेन । त्यसपछि बत्ती बालेर ओढिराखेको कम्बल फाल्दा सर्प बालकको कम्मरमा बेरिएको थियो । तत्काल उनलाई मोटरसाइकलमा चढाएर राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पुऱ्याइयो । प्रादेशिक अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले उनलाई सर्पले टोकेको ठाउँ पत्ता लगाउन सकेनन् र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रिफर गरियो । आठ वर्ष अघि सर्पकै टोकाइबाट आमा गुमाएका घनश्यामलाई उपचारका क्रममा यही असार ७ गते साँझ ८ बजे डाक्टरले उनलाई बचाउन नसकिने खबर सुनाए । यी प्रतिनिधि मूलक घटना मात्रै हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार दाङमा आर्थिक वर्ष २०७८/७९ मा नौ र २०७९/८० मा छ जनाको मृत्यु भएको छ । दाङमा चालु आर्थिक वर्षको हालसम्म १० जनाको मृत्यु भइसकेको छ भने एक सय ७८ जना सर्पदंशमा परेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्ले देखाउँछ । जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र दाङका खरिदार शम्भु आचायले सर्पदंशमा परेका बिरामीले घरपरिवार र समाजमा विद्यमान अन्धविश्वासमा परेर झारफुक वा चुसेर विष निकाल्ने जस्ता काममा समय व्यतित हुँदा ज्यान गुमाउने गरेको बताए । समयमै अस्पताल पुगिसकेका बिरामीले पनि ज्यान गुमाउनुमा स्वास्थ्यकर्मीकै लापरवाही भएका बिरामीका आफन्त गुनासो गर्छन् । सर्प नचिन्दा र अस्पताल ढिलो आउने गरेका कारण कतिपय व्यक्तिहरुको सर्पदंशबाट ज्यान जाने गरेको चिकित्सकहरु बताउँछन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदंशका राष्ट्रिय प्रशिक्षक उमाकान्त तिवारी सर्पले टोकी हाल्यो भने तत्काल अस्पताल पुग्न आग्रह गर्छन् । पछिल्लो समय एक अस्पतालबाट अर्को अस्पतालमा रिफर गर्ने भएको हुँदा पनि कतिपयले अकालमै ज्यान गुमाउने गरेको उनले बताए । सर्पले टोकिसकेपछि तत्कालै सर्पको पहिचान गरी अस्पताल पुग्दा अकाल मृत्युको मुखबाट बच्न सकिने उनी बताउन्छन् । अस्पताल जानुको साटो झारफुकमा विश्वास गर्दा पछिल्लो तीन वर्षमा २५ जनाको मृत्यु भएको छ । सर्पदंशका बिरामी अस्पताल पुगेपछि कुनै पनि बिरामीले ज्यान गुमाउनु पर्दैन भन्ने सरकारी नीति भए पनि जिल्लामा कतिपयले झारफुकमा लाग्दा ज्यान गुमाएका छन् भने कतिपयले सर्पको पहिचान गरी अस्पताल पुग्दा पनि मृत्युवरण गर्नुपरेको छ । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# युवा दक्षता दिवस र यसको सार्थकता

विश्व युवा दक्षता दिवस नेपालसहित विश्वभर आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले आजकै दिन अर्थात् जुलाई १५ मा दिवस मनाउने संकल्प गरेदेखि यो दिन मनाउन थालिएको हो । युवाहरुको सामाजिक–आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले यो दिन दिवस मनाइन्छ । तर हरेक वर्ष यो दिवस मनाइए पनि नेपालमा धेरै युवाहरु आर्थिक रुपमा कमजोर छन् । योग्यता र क्षमता अनुसार स्वदेशमै काम नपाइँदा युवाहरु बरालिनु परेको अवस्था छ । यो अत्यन्त दुखको कुरा हो ।

कुनै पनि देशको विकास युवा जनशक्ति विना सम्भव छैन । युवा सबैभन्दा उर्जाशील जनशक्ति हो । उनीहरु विकासका लागि दरिलो र भरिलो आधारस्तम्भ समेत हुन् । आज इन्जिनियर, डाक्टर, शिक्षक, पाइलट, किसान, मजदुर आदि सबै क्षेत्रमा युवाको उपस्थिति बलियो छ तर राज्यको नीति बनाउने कुरामा अर्थात् राजनीतिमा अझै युवाको उपस्थिति कमजोर छ । नीतिगत तहमा युवाहरू पुगे पनि उनीहरूको न्यून संख्याले युवामैत्री, रोजगारीमैत्री काम गर्न सकेका छैनन् । आज पनि अधिकांश शिक्षित युवा औपचारिक शिक्षा आर्जनपछि खाडी मुलुक तथा मलेशियामा आफ्नो श्रम सस्तो मूल्यमा बेच्न विवस छन् । यो हाम्रा युवाहरूको लागि दुर्भाग्य हो भने राज्यका लागि लाजमर्दो हो । मुलुकको भविष्य कस्तो हुन्छ भन्ने कुरा देशका युवाको सोच र क्रियाकलापबाट हुन्छ । अवसरको अभाव तथा उद्यमशील कार्य संस्कृतिको अभावका कारण हाम्रो युवाहरू रोजगारी तथा अध्ययनका लागि विदेश जाने लर्को लागेको छ । विगतमा युवा र उनीहरुका सरोकारका विषयलाई सरकारका नीति, कानुन एवं कार्यक्रमले सही रुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले मुलुक समस्यामा छ । रोजगार बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सिर्जना गर्न नसक्नु, जनशक्तिको माग र शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्नु जस्ता धेरै कारण युवाहरु बेरोजगार बस्नु परेको छ । देशमा शिक्षा, रोजगारी तथा अन्य अवसरहरुको अभावमा देशको प्रमुख उर्जाको रुपमा रहेका युवाहरु विभिन्न कारणले पलायन हुने अवस्था सिर्जना हुनु अत्यन्त दुखद् हो । यसर्थ युवालाई सीपयुक्त, उत्पादशील र नैतिकवान बनाउन सकेमा मात्र राष्ट्रका लागि उपयोगी सामाजिक तथा आर्थिक मूल्य सिर्जना गर्नेक्षमता मात्रै राख्दैन दिवसले समेत सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

अघाए पछि नुन चर्को लाग्नु र
मन भरे पछि बोलिमा झर्को लाग्नु कुनै नौलो कुरा होइन ।
*(सुनिल सुनारको फेसबुक स्टाटसबाट www.facebook.com//snr.sunil03)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अध्ययन छोडेर विदेशिन किन चाहन्छन् युवाहरू ?



**विक्रम कार्की**

*नेपालबाट अत्यास लाग्ने गरी युवाहरू विदेशिनुको मुख्य कारण बेरोजगारी, विना आम्दानी खर्च गर्ने संस्कृति र आय वृद्धिको गोरेटो नहुनु नै हो । राष्ट्रिय जनगणना २०७८ अनुसार हाल नेपालमा काम गर्न सक्ने उमेरका ८६ लाख व्यक्तिले योग्यता र सीप अनुसारको रोजगारी पाएका छैनन् । जनसंख्याका आधारमा ३४.२ प्रतिशत नागरिक मात्र रोजगार छन्। रोजगार पाएका पनि आफ्नो पेशामा सन्तुष्ट छैनन् । व्यापार–व्यवसाय चौपट छ, साना तथा घरेलु उद्योगहरू घटिरहेका छन् । गुनासो, तनाव, डिप्रेसन र आत्महत्याको बढ्दो संख्या सामाजिक सञ्जालमा छरपष्ट देखिन्छ । भौतिक सुविधाको खोजीले उत्तम किसिमको अन्तरदेशीय सम्बन्ध स्थापित भएतापनि आफ्नो देशमा जमिनसँगको सम्बन्ध टुटेर उत्पादन र उत्पादकत्वमा तीव्र ह्रास भइरहेको छ । पारिवारिक विछोड, विद्यालयदेखि क्याम्पसहरूमा विद्यार्थीको अभाव तथा चरम राजनीतिक विकृतिको कारण आर्थिक, सामाजिक रूपमा विपदोन्मुख समाजको डिस्कोर्सले आम सचेत नागरिकहरू चिन्तित देखिन्छन् ।*

विश्वव्यापीकरणको एउटा महत्वपूर्ण तत्व श्रमको गतिशीलता हो। यसले विश्वभरका मानिसको जीवनशैलीमा सकारात्मक/नकारात्मक परिवर्तन ल्याएको छ ।

सूचनाप्रविधिको चरम विकासले विकसित देशहरूमा प्रविधिले केही बाँकी कमसल काम श्रमिक मजदुरद्वारा गर्न तथा इमर्जिङ राष्ट्रहरू प्रत्यक्ष वैदेशिक लगानी मार्फत वस्तु तथा सेवाहरू उत्पादन गरी विश्व बजारमा पुर्‍याउन सस्तो श्रम शक्तिको खोजी गरिरहेको समय हो यो । पूँजीवादी उपभोक्ता संस्कृतिले गाँजेको कारण नेपाल जस्ता विकासोन्मुख मुलुकबाट युवाहरू विदेशिने लहर बढ्दो छ । हरेक वर्ष अध्ययनका लागि भन्दै विदेशिने एक लाख हाराहारी नेपालीमध्ये अधिकांशको प्राथमिकता पढाइभन्दा रोजगारी हुन्छ । सुरक्षित भविष्यको खोजीमा विद्यार्थी बनेर विदेशिने र उतै बस्ने प्रवृत्ति पछिल्ला दिन अझ तीव्र देखिएको छ ।

नेपालबाट अत्यास लाग्ने गरी युवाहरू विदेशिनुको मुख्य कारण बेरोजगारी, विना आम्दानी खर्च गर्ने संस्कृति र आय वृद्धिको गोरेटो नहुनु नै हो । राष्ट्रिय जनगणना २०७८ अनुसार हाल नेपालमा काम गर्न सक्ने उमेरका ८६ लाख व्यक्तिले योग्यता र सीप अनुसारको रोजगारी पाएका छैनन् । जनसंख्याका आधारमा ३४.२ प्रतिशत नागरिक मात्र रोजगार छन्। रोजगार पाएका पनि आफ्नो पेशामा सन्तुष्ट छैनन् । व्यापार-व्यवसाय चौपट छ, साना तथा घरेलु उद्योगहरू घटिरहेका छन् । गुनासो, तनाव, डिप्रेसन र आत्महत्याको बढ्दो संख्या सामाजिक सञ्जालमा छरपष्ट देखिन्छ । भौतिक सुविधाको खोजीले उत्तम किसिमको अन्तरदेशीय सम्बन्ध स्थापित भएतापनि आफ्नो देशमा जमिनसँगको सम्बन्ध टुटेर उत्पादन र उत्पादकत्वमा तीव्र ह्रास भइरहेको छ । पारिवारिक विछोड, विद्यालयदेखि क्याम्पसहरूमा विद्यार्थीको अभाव तथा चरम राजनीतिक विकृतिको कारण आर्थिक, सामाजिक रूपमा विपदोन्मुख समाजको डिस्कोर्सले आम सचेत नागरिकहरू चिन्तित देखिन्छन् ।

**अध्ययनमा के देखियो ?**

सामुदायिक कलेजहरूबाट विद्यार्थी किन ड्रप आउट हुन्छन् र युवाहरू किन विदेश जान आकर्षित हुन्छन् ? यसको जवाफ खोज्न पंक्तिकारले परिमाणात्मक विधि प्रयोग गरी दोलखामा एउटा अध्ययन गरेको थियो । दोलखा जिल्लाका विद्यार्थी धेरै भर्ना भएका सामुदायिक कलेजहरू क्रमशः गौरीशंकर, चरिकोट र हनुमन्तेश्वरको स्नातक तहमा नियमित अध्ययन गर्ने करिब ७०० विद्यार्थीमध्ये ११२ जना नमूनाको रूपमा छनोट गरियो। विद्यार्थीहरूलाई विदेशिन प्रेरित गर्ने खासगरी घचेट्ने तत्व र तान्ने तत्व समावेश गरी अवधारणागत रूपरेखा निर्माण गरें । विदेश जान घचेट्ने (पुस) तत्वहरू अन्तर्गतका बेरोजगारी, गरिबी, कम गुणस्तरीय शिक्षा, पारिवारिक द्वन्द्व, राजनैतिक हस्तक्षेप, कमसल विकास गतिविधि देखियो। त्यस्तै, विदेशमा तान्ने (पुल) तत्वहरूमा विदेशमा अध्ययन गर्ने अभिलाषा, फेशन, कमाउने सँगसँगै सिक्ने, धनी हुने अभिलाषा, नातेदारको प्रभाव र साथीहरूको प्रभाव जस्ता ६/६ वटा लिकर्ट स्केल भेरिएबलहरू निर्धारण गरी संरचनागत प्रश्नावली मार्फत सर्भे गरें । कलेजमा स्नातक पढ्ने विद्यार्थीहरूको जातजाति अनुसार नमूना छनोटमा २७ प्रतिशत क्षेत्री, १२.५ प्रतिशत ब्राह्मण, ६ प्रतिशत तामाङ, २५ प्रतिशत थामी, ७.५ प्रतिशत नेवार, ५.४ प्रतिशत दलित र ६.८ प्रतिशत अन्य जाति रहेका छन् ।

अध्ययनको क्रममा जिल्लाको सबै पालिकाका विद्यार्थीहरू उत्तरदाताको रूपमा समेटिएको छ । उत्तरदाताको रूपमा ४१.५ प्रतिशत भीमेश्वर नगरपालिकाबाट, १४.३ प्रतिशत वैतेश्वरबाट, १३.४ प्रतिशत कालिन्चोक गाउँपलिकाबाट, ९.८ प्रतिशत गौरीशंकरबाट, शैलुंगबाट ६.३ प्रतिशत, मेलुंगबाट २.७ प्रतिशत, बिगुबाट ५.४ प्रतिशत, तामाकोशी गाउँपालिकाबाट १.८ प्रतिशत र जिरी नगरपालिकाबाट ०.९ प्रतिशत विद्यार्थी समेटिएका छन् । तपाईंहरूलाई विदेश जानको लागि कसले सल्लाह/सुझाव दिने गर्दछ भन्ने प्रश्नमा, आफ्नै चाहनामा ५३.६ प्रतिशत, अभिभावकले २४ प्रतिशत, साथीभाइहरूले ११.६ प्रतिशत, नातेदारहरूको सुझावमा ६.३ प्रतिशत र अन्यमा ४.४ प्रतिशत रहेको छ। यसरी हेर्दा, विदेश जानको लागि सबैभन्दा बढी आफैं तयारी भएको देखिन्छ ।

वर्तमान नेपालको राजनीतिक प्रणाली प्रति कति सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा ८३ प्रतिशतले धेरै असन्तुष्ट र १७ प्रतिशतले मात्र सन्तुष्ट भएको जवाफ पाइयो । वर्तमान कलेजको अध्ययन छोड्न चाहनुहुन्छ भन्ने प्रश्नमा ३१.५ प्रतिशतले छोड्न चाहेको र ६८.५ प्रतिशतले छोड्न नचाहेको जवाफ प्राप्त भयो र विदेश जान चाहनुहुन्छ भन्ने प्रश्नमा ७०.५ प्रतिशतले विदेश जाने इच्छा भएको र २९.५ प्रतिशतले अहिलेसम्म जाने इच्छा नभएको बताए । विद्यार्थीलाई विदेशिन प्रेरित गर्नेमध्ये धकेल्ने तत्व अन्तर्गत कुन मुख्य कारण हो भन्ने प्रश्नमा, बेरोजगारीमा २० प्रतिशत, गरिबीमा १७ प्रतिशत, पारिवारिक द्वन्द्वमा १० प्रतिशत, कमसल शिक्षा प्रणालीमा १७ प्रतिशत, राजनैतिक हस्तक्षेपमा १८ प्रतिशत र कमसल विकास निर्माण प्रक्रियामा १९ प्रतिशतले मत जाहेर गरे । यसरी हेर्दा विदेशिनुको मुख्य कारण बेरोजगारी समस्या देखिन्छ । आकर्षणको लागि तान्ने कुन मुख्य कारण हो भन्ने प्रश्नमा विदेश पढ्ने अभिलाषामा १८ प्रतिशत, फेशनमा १३ प्रतिशत, पढ्ने सँगसँगै कमाउनेमा २० प्रतिशत, धनी हुनमा २० प्रतिशत, विदेशबाट आफन्तको निम्तामा १५ प्रतिशत र साथीहरूको निम्तामा १४ प्रतिशत देखियो । यसरी विश्लेषण गर्दा, पढ्ने सँगसँगै कमाउने र धनी हुने अभिलाषामा अलि बढी मत देखिएकोले बेरोजगारी र गरिबी नै मुख्य कारण देखिन्छ । अध्ययनको मुख्य तत्वहरूमा घचेट्ने तत्व र तान्ने तत्वहरूको औसत जोडा नमूना टि टेस्ट निकाल्दा घचेट्ने तत्वको औसत मान ३.७ र तान्ने तत्वको औसत मान ३.४ प्राप्त भयो । यसरी घचेट्ने तत्वको औसत ०.४ ले बढी भएको देखिन्छ । तथ्यांक विश्लेषण गर्दा मुलुकको आर्थिक, राजनैतिक र सामाजिक अवस्थाका कारण विकर्षण भई विदेश गएको देखिन्छ ।

**निष्कर्ष**

विश्वविद्यालय अन्तर्गतका कलेजहरूमा विद्यार्थी भर्ना कम र भएका पनि पढाइ छोड्ने (ड्रप आउट) दर बढ्दै गएको छ । युवा विदेश जानेको लहर देखिएकै छ । नेपालको ग्रामीण भेगमा श्रम शक्तिको अभावले गर्दा उत्पादनमा ह्रास देखिन्छ भने पारिवारिक एक्लोपन बढेको छ । दक्ष जनशक्ति पनि विदेश पलायन भइरहेका छन् । फलतः मुलुकको विकासमा अवरोध बढेको छ । यसरी दैनिक वैदेशिक रोजगारीको लागि तानिने र सामाजिक मनोभाव पनि यसरी विकास भइरहेको छ। दोलखा जिल्लाका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको मनोभावलाई तथ्यांकीय विधिबाट विश्लेषण गर्दा पनि विदेशमा तान्ने आकर्षण भन्दा मुलुकको आर्थिक-सामाजिक र राजनैतिक कारणले युवाहरूलाई आफ्नो मुलुकबाट घचेटिरहेको देखिन्छ । समाजको डिस्कोर्स हेर्दा अस्थिर संघीय सरकार, अनुत्पादक खर्चिलो प्रदेश सरकार र पूँजी निर्माणको अभाव रहेको स्थानीय सरकारको कारण आम युवाहरू राजनीतिक प्रणालीप्रति असन्तुष्ट देखिएका छन् । तसर्थ मुलुकका तीनवटै सरकारले गुणस्तरीय शिक्षामा लगानी गर्नुपर्छ । उत्पादनशील क्षेत्रमा लगानी गरी रोजगारीको अवसर बढाउनुपर्छ र आम नागरिकहरूको विश्वास जित्न मिहिनेत गर्नुपर्छ ।

*(लेखक कार्की खुला विश्वविद्यालयबाट अर्थशास्त्रमा एमफिल हुन् ।)*

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ ।

**वृष** : परिवारमा मेलमिलाप हुनेछ । समयले राम्रो साथ दिनेछ ।

**मिथुन** : कार्य सम्पादनमा समस्या आउला। पैसा खर्च हुने योग छ ।

**कर्कट** : अधुरा काम गर्दा फाइदा हुन सक्नेछ । यात्रामा सामान हराउन सक्छ।

**सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कन्या** : प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ।

**तुला**: महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । प्रेममा धोका हुन सक्छ ।

**वृश्चिक** : मनमा उत्साह छाउनेछ । धार्मिक यात्राको योग छ ।

**धनु** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । व्यवसायबाट लाभ हुनेछ ।

**मकर** : सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।

**कुम्भ** : भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । यात्राको अवसर छ ।

**मीन** : पारिवारिक भेटघाटमा रमाइन्छ। धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् ।

## शिक्षा

# मधेसको शिक्षा किन कमजोर ?



मधेसको शिक्षाका बारेमा पछिल्लो समय विभिन्न बहस हुँदै आएको छ । एकथरीले मधेसीकै कारण त्यहाँको शिक्षा खस्किएको भनिरहेका छन् भने अर्काथरीले राज्यसत्ताको गलत नियत र नीतिका कारण खस्किएको टिप्पणी गर्ने गरेका छन् । सोही क्रममा शनिबार इन्टेलेक्चुअल फाउण्डेसन नेपालले त्रिभुवन विश्वविद्यालयमा आयोजना गरेको 'संविधान, शिक्षा, र मधेस' विषय अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले पनि मधेसको शिक्षाका बारेमा विभिन्न टिप्पणी गरे । अन्तरक्रियामा बोल्ने वक्ताहरूले मधेसका प्रायः स्कुलमा स्थानीय व्यक्तिहरू नै हेडमास्टर र शिक्षक हुने तैपनि शिक्षाको गुणस्तर खस्किएको टिप्पणी गरे । कतिपयले मधेसमाथि विभेद गरेका कारण त्यहाँको शिक्षा कमजोर भएको टिप्पणी गरे । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य एवं प्रदेशसभाका पूर्व सदस्य बिक्की यादवले मधेसको शिक्षा राज्यको नीतिका कारण खस्किएको दाबी गरे । उनले भने, 'सँघीय सरकारले प्रदेश गठन गरिदिएको छ तर त्यसलाई कुनै अधिकार दिएको छैन, प्रदेश सरकारको न आफ्नो शासन छ न प्रशासन छ न कुनै नीति अनि त्यहाँ शिक्षालाई कसरी सुधार गर्न सकिन्छ ।' सँघीय सरकारले स्कुल शिक्षालाई आफ्नो मातहतमा राखेको बताउँदै उनले त्यसको दोषी मधेस कसरी हुन्छ भनी प्रश्न समेत गरे । उनले मधेसलाई हेर्ने दृष्टिकोण नै नराम्रो हुने गरेको बताउँदै त्यसैले पनि त्यहाँको शिक्षा र स्वास्थ्य बिग्रिँदै गएको दाबी गरे । अधिवक्ता प्रिति रमणले मधेसमा छोराछोरी माथिको विभेदका कारण शिक्षाको अवस्था कमजोर रहेको बताइन् । छोरालाई बोर्डिङ स्कुल र छोरीलाई सरकारी स्कुलमा पढाएका कारण मधेसको शिक्षाको गुणस्तर राम्रो नभएको उनले टिप्पणी गरिन् । मधेसको शिक्षामा सङ्ख्यात्मकमा भन्दा गुणात्मकमा ध्यान दिनुपर्ने बताउँदै उनले यसअघि देखिने विद्यार्थी भर्नामा जोड दिइएको तर गुणस्तरमा ध्यान नदिएको टिप्पणी गरिन् । तर मधेसी एकता समाज नेपाल संयोजक डा.बबी सिंहले भने नेपालमा शिक्षा खस्केको नभई राम्रो हुँदै गएको टिप्पणी गरिन् । 'पहिला छोरीहरू स्कुल जाँदैनथे, अभिभावकले पटाउँदैनथे तर अहिले निजीदेखि सरकारीसम्मका स्कुलहरू छोरीबाट भरिभराउ छन्' उनले भनिन् । उनले शिक्षा, कर्मचारीदेखि लिएर हरेक क्षेत्रमा मधेसले टप गर्दै आएको समेत दाबी गरिन् । 'यो शिक्षाकै कारणले भएको हो तर राज्यको पूर्वाग्रहीका कारण मधेसीहरूले स्थान पाएनन' उनको टिप्पणी थियो । फाउण्डेसनका अध्यक्ष डा.सूर्य यादवको सभापतित्वमा भएको कार्यक्रममा सामाजिक अभियन्ता बुद्धसेन चौधरीले मधेसको शिक्षाको गुणस्तर मधेसकै कारण कमजोर भएको टिप्पणी गरे । उनले भने, 'म विभिन्न स्कुलमा गएर हेरें त्यहाँका कक्षाकोठामा छोराभन्दा छोरीहरू धेरै देखें, छोराहरू सबै बोर्डिङ स्कुलमा गएका छन्, छोरीहरू सबै सरकारी स्कुलमा छन् ।' उनले मधेसका प्रत्येक विद्यालयमा अहिले स्थानीय शिक्षकहरू भएको बताउँदै सबै शिक्षकहरू राजनीतिमा लागेको टिप्पणी गरे । सिराहाका शिक्षक दिलीप यादवले स्थानीय तहका कारण मधेसको शिक्षा कमजोर भएको टिप्पणी गरे । उनले भने, 'स्कुलमा राजनीतिक हस्तक्षेप यति छ कि त्यहाँ चाहेर पनि शिक्षक तथा हेडमास्टरहरुले केही गर्न सक्दैनन्, मधेसको शिक्षा सुधार गर्नका लागि पहिलो स्थानीय तह सुत्रिपर्‍यो ।'

शिक्षा सुधारका लागि राजनीतिकरण अन्त्य गर्नुपर्छ ।' अर्की वक्ता रेणुका सिंहले मधेसका शिक्षकले पहाडमा पढाउँदा त्यहाँको शिक्षा गुणस्तर राम्रो भएको तर तिनै शिक्षकले मधेसमा पढाउँदा त्यहाँको शिक्षा कमजोर हुन्छ किन ? भन्दै प्रश्न गरिन् । उनले त्यसको मुख्य कारण राजनीति नै भएको बताइन् । मधेसको शिक्षाको गुणस्तर कमजोर हुनुको कारण त्यहाँका अभिभावक र शिक्षक नै भएको उनको भनाइ थियो । उनले भनिन्, 'परीक्षामा विद्यार्थीहरूलाई चिट कसरी चोरी गर्ने भनेर शिक्षकले नै सिकाउँछन् । ती विद्यार्थीका अभिभावक गर्व गर्छन् ।' प्राध्यापक महेश चौधरी तथा अधिवक्ता डा.मोहम्मद रिजवानले पनि मधेसको शिक्षा सुधार गर्नका लागि मधेसमा हुने राजनीति नै दोषी भएको टिप्पणी गरे ।

*-रातोपाटी डटकम*

# 'देश बनाउने महत्वपूर्ण भूमिका शिक्षा मन्त्रालयको हो'

शिक्षामन्त्री सुमना श्रेष्ठले देश बनाउने महत्वपूर्ण भूमिका शिक्षा मन्त्रालयको रहेको बताएकी छन् ।

आइतबार मन्त्रालयमा आयोजित आफ्नो बिदाई कार्यक्रममा मन्त्री श्रेष्ठले देशलाई माथि लैजाने वा तल झार्ने भन्ने कुराको सुनिश्चितता शिक्षा मन्त्रालयले गर्ने भन्दै त्यसको जग बसाल्न मन्त्रालयका सम्बन्धित निकाय र कर्मचारीको भूमिका पनि महत्वपूर्ण हुने बताइन् । उनले शिक्षा मन्त्रालयको महत्वलाई आत्मसाथ गर्दै अहिलेका साना बालबालिकाको भविष्य उज्जल बनाउन र भविष्यमा देशको विज्ञान प्रविधिको क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नेतर्फ विशेष ध्यान दिनुपर्नेमा जोड दिइन् ।



उनले मन्त्रालयमा अझै धेरै काम गर्न बाँकी रहेको भन्दै आफूले मन्त्रालय सम्हालेदेखि नै आफ्नो क्षमताले भ्याएसम्म तीव्र गतिमा काम गरेको दाबी गरिन् । देशको शिक्षा क्षेत्रमा परिवर्तन गर्नका लागि आगामी दिनमा आफू शिक्षा समितिमै बसेर काम गर्ने पनि बताइन् । कार्यक्रममा शिक्षा सचिव दिपक काफ्लेले राजनीतिक नेतृत्वसँग नै राज्य सञ्चालन गर्ने दायित्व हुने भन्दै प्रधानमन्त्री र मन्त्रीहरु सामुहिक रुपमा संसदप्रति उत्तरदायि हुने तथा सचिव नीतिगत व्यवस्थामा मन्त्रीप्रति उत्तरदायि हुने र प्रशासनिक कार्य सम्पदानमा मुख्यसचिव उत्तरदायि भएर काम गर्ने संवैधानिक प्रावधान अनुसार मन्त्री श्रेष्ठले कुशल र दक्षतापूर्ण प्रभावकारी काम गरेको चर्चा गरिन् । उनले मन्त्रालयका कर्मचारीले पनि आ-आफ्नो भूमिका अनुसार काम गर्न मन्त्री श्रेष्ठलाई सहयोग गरेको बताइन् । *-डिसी नेपाल*

# शिक्षाको उज्यालो खोज्दै हजुरआमाहरु स्कुलमा

बूढानीलण्ठ नगरपालिका-१२, कपन फैंकाकी नीरा कोइराला उमेरले ५१ वर्ष पुगिन् । उनी ओखलढुङ्गाको रातमाटेमा जन्मिएकी हुन् । सानोमा उनी विद्यालय टेक्नै पाइनन् ।

'छोरी मान्छेको जात अरुको घर जाने हो किन पढ्नुपर्‍यो भन्ने चलन थियो', उनले भनिन्, 'पढ्ने उमेर घाँसपात मेलापात गर्दैमा बित्यो । बिहेपछि छोराछोरी हुर्काउँदै ठिक्क भइयो ।' उनका चार सन्तानमध्ये जेठी छोरी राष्ट्रिय वाणिज्य बैंकमा जागिरे छन् । कान्छी छोरी र जेठो छोरो अष्ट्रेलिया छन् । कान्छो इन्जिनीयरिङ अध्ययनरत छन् । उनको श्रीमानको पेशा शिक्षण हो । पढाइ नहुँदा नीराले जीवनमा धेरै हन्डर भोग्नुपर्‍यो । श्रीमानको कमाइमा मात्र कति भर पर्नु भनेर छोराछोरी हुर्काउँदै उनले चप्पल उद्योगमा चार वर्ष काम गरिन् । नाम लेख्न नजान्दा सबै ठाउँमा ल्याप्चे लगाउनुपर्थ्यो । 'अरु सबै लेखपढ गर्न जान्ने थिए । म मात्रै अनपढ । अनपढ हुनु भनेको त मान्छे नै नहुनु जत्तिकै पो रहेछ', उनले भनिन् । एक वर्षअघिको कुरा हो । छिमेकी दिदी कलम कापी बोकेर साँझमा घर फर्कंदै गरेको देखिन् । ती दिदीलाई सोध्दा बालकुमारी माध्यमिक विद्यालयमा पढेर आएको सुनाइन् । वयस्क उमेरका मान्छेलाई दैनिक दुई घण्टा पढाइ हुने खबर सुनेपछि उनी भोलिपल्टैदेखि जान तयार भइन् । पढ्न गएको पहिलो दिन उनी कक्षा कोठामै रोइन् । 'सबै पढ्न लेख्न जान्ने देखें, मलाई क, ख पनि नआउने', पहिलो दिन सम्झिँदै भनिन्, 'मेरो जिन्दगी त बेकार नै रहेछ भन्ने लाग्यो अनि म त रोएँ ।' लगातार एक वर्ष कक्षा धाइसकेपछि उनको जीवनमा अहिले उज्यालो छाएको छ । हिजोआज उनलाई दिउँसोको धरधन्दा सकिनेबित्तिकै कापी कलम बोकेर स्कुल जाने हतारो हुन्छ । बेलुकी चारदेखि छ बजेसम्म सञ्चालन हुने कक्षामा सक्रिय भएर पढ्छिन् । नाम लेख्न, सामान्य लेखपढ गर्न, कतै बाहिर निस्किदा साइनबोर्डहरु पढ्न मज्जाले आउँछ उनलाई । घरायसी किनमेल गर्दा जोड, घटाउ, गुणन, भाग गर्न अरुलाई सोध्नु पर्दैन । 'अहिले त फेसबुक पनि चलाउन जान्ने भएकी छु', मुसुक्क हाँस्दै उनले भनिन्, 'पढ्ने हुटहुटी यस्तो जागेर आयो कि एसइईसम्मै पढ्ने रहर लागेको छ ।'

कपनकै स्थायी बासिन्दा गङ्गा ढुङ्गानाको कपाल फुलिसके । उमेरले ६३ औं वसन्त टेकिसक्यो । नातिले यसपाली एसइई पास गर्‍यो । उनी पनि नीराकी सहपाठी हुन् । सिन्धुपाल्चोक माइत भएकी उनको बिहे नौ वर्षमै भयो । 'विद्यालय जाने र पढ्ने कुरा थाहा पाउनु त परै जाओस् । बिहे के हो भन्ने थाहा नहुने उमेरमै बिहे भयो', उनले ती दिन सम्झिइन्, 'छोरी मान्छेको जात बिहे गरेर अरुको घर जाने र छोराछोरी जन्माउने मात्रै होला जस्तो लाग्थ्यो ।' उमेर बढ्दै जाँदा थाहा भयो पढाइको महत्व । साइनबोर्ड पढ्न नजान्दा काठमाडौंमै पटकपटक हराउनुपर्‍यो । कुनै गाडी चढ्न खोज्दा कता जाने हो भनेर सोध्नुपर्ने बाध्यता । उनका पाँच नातिनातिना हुर्किसके । उनी पनि एक वर्षदेखि बालकुमारी माविमै सञ्चालित अनौपचारिक शिक्षा कक्षामा पढिरहेकी छिन् ।

छोरी मान्छेले पढ्यो भने पोइला जान्छन् भन्ने सुनकी उनी बुढेसकालमा पढ्न पाउँदा औधी खुसी छिन् । कक्षा दुईसम्मको किताब पढ्न सक्ने भएकी छिन् उनी । 'पढाइ भन्ने कुरा नमरेसम्म काम लाग्ने रहेछ । पढ्नु जान्नुको मज्जा बुझेपछि पढाइ छोड्नै मन छैन', उनी भन्छिन् ।

काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने ४४ वर्षीया निरु पराजुलीसँग पढाइछोडाइ नहुँदाका मर्मस्पर्शी घटना छन् । लेखपढ नभए पनि गीत गाउन, कविता भन्नमा उनको सानैदेखि रुची थियो । विसं २०५५ मा धादिङको एउटा साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी हुने अवसर पाइन् । उक्त कार्यक्रममा कविता भन्ने पालो आयो उनको । मञ्चमा जाँदा खै त कविता रु भनेर सोधियो । उनले मलाई लेख्न आउँदैन मुखैले भन्छु भन्दा अवसर दिइएन । उनले आयोजकसँग धेरै अनुरोध गरेपछि कविता वाचन गर्न पाइन् । उनको मौखिक कवितालाई निर्णायकले लेख्य रुपमा उतार्‍यो र पुरस्कृत गर्‍यो । 'पढ्न लेख्न जान्नैपर्ने रहेछ भन्ने महत्व मैले त्यसैबेला महसुस गरें', उनले भनिन्, 'लेख्नै नजान्नेको कविता पनि पुरस्कृत भयो भनेर धेरैले कुरा काटे । त्यहाँदेखि मलाई पढाइको भोक जागेको हो । तर, पढ्ने अवसर पाइएन ।'

काभ्रेको कोशीपारि धुसेनीमा जन्मिएकी उनलाई बुबाआमाले पढ्ने नदिएको भने होइन । चार दिदीबहिनीमा साहिंली निरुले त्यतिबेला पढ्ने मन गरिनन् । उनकी जेठी छोरी बेलायतमा छिन् । कान्छीको बिहे भइसक्यो । छोरो सानै छ । सुरुमा विकल्प महिला शिक्षा ज्ञान केन्द्रमा पढ्न थालेकी उनी पनि एक वर्षदेखि बालकुमारी माविमा सञ्चालित सन्ध्याकालीन अनौपचारिक कक्षामा सहभागी भएकी हुन् । अहिले गीत, कविता आफ्नै डायरीमा लेख्छिन् । सामान्य अंग्रेजी लेख्न, पढ्न आउँछ । मोबाइलमा फेसबुक चलाउन सक्छिन् । 'पढ्न जानेपछि जो कोहीको अगाडि बोल्न डर नलाग्ने रहेछ', उनको अनुभव छ, 'मनमा लागेका सबै कुरा गीत कविताको माध्यमबाट लेख्नु सजिलो हुने रहेछ ।' उमेरले तीन बिसा ९६० वर्ष० नाघ्ने तरखर गरिसक्यो देवकी ढकालको । तर, उनीमा पढ्ने जोश भने १६ वर्षे झैं छ । 'पढ्ने कुरा सम्झिँदा त भर्खर १५ कटेकी छु जस्तो लाग्छ', जोशिलो हुँदै उनले भनिन्, 'मलाई त कम्तिमा एसइई पास गर्न पाए कस्तो हुन्थ्यो भन्ने पो लाग्दैछ ।' सिन्धुपाल्चोकको सिन्धुकोट सिन्धुमसुरे माइत भएकी देवकीको लाखेपोखरीमा बिहे भयो । पछि काठमाडौं आएकी उनको स्थायी बसोबास बुढानीलकण्ठ नगरपालिका-१२ मा छ । श्रीमान बितिसकेपछि उनी एक्लो जस्तो भएकी थिइन् । एक वर्षदेखि अनौपचारिक शिक्षामा कक्षा लिइरहेकी उनी कक्षाकै 'ट्यालेन्ट' मध्येकी एक हुन् ।

अहिले उनलाई सामान्य लेखपढ, हिसाब गर्न आउँछ । अस्पतालमा शय्या नं हेर्न, बैंकमा भौचर भर्न आफैं सक्ने भएकी छिन् । कुन रुटको बस कता जान्छ भन्ने हेर्न बित्तिकै थाहा पाउँछिन् । 'मलाई त पनातिसँगै भए पनि एसइई दिउँ जस्तो लाग्दैछ', उनले भनिन् । अनौपचारिक शिक्षाको अवधारणा राम्रो भए पनि यसलाई थप व्यवस्थित गर्नुपर्ने उनको सुझाव छ । अहिले कक्षा सञ्चालन भइरहेको विद्यालयमा कक्षाकोठा साँघुरो छ ।बेलोबलामा सबैजना कक्षामा अट्नै गाह्रै हुन्छ । भर्खरै पढ्न आउने र एक वर्षदेखि पढिसकेका एकै ठाउँमा हुँदा पढाइको तालमेल नमिल्ने उनको गुनासो छ । तेह्र वर्षको उमेरमा बिहे गरेर २०५४ को स्थानीय निकाय निर्वाचनमा वडा सदस्य निर्वाचित भएकी देवकीलाई पढ्नु भनेको जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ लैजानु रहेछ भन्ने लागेको छ । 'पढ्नलाई उमेरले नछेक्ने रहेछ । लेखपढ नगरी मरेको भए त स्वर्ग पनि गइन्न थियो कि जस्तो लाग्न थालेको छ', उनी भन्छन् । उल्लिखित पात्रहरुभन्दा जेठी छिन् गोमा आचार्य । कपनमै बस्ने आचार्य ६९ वर्षकी भइन् । उनी पनि नीरा, गङ्गा, निरु र देवकीकै सहपाठी हुन् । १२ वर्षको उमेरमा बिहे गरेकी उनी २०४५ सालमा काठमाडौं आएकी हुन् । एक वर्षअघि क्खरा पढ्न थालेकी उनले औँठाछापबाट मुक्ति पाएकी छिन् । 'अर्को सालदेखि त भत्ता पाउँछु भनेका छन् । सबै कागजात बुझाइसकें', उनले भनिन्, 'अब भत्ता बुझ्ने बेला ल्याप्चे गर्नुपर्दैन, नाम लेख्न सक्छु ।' सोलुखुम्बुको नेचासल्यानमा जन्मिएर ओखलढुङ्गाको च्यानम बिहे गरेकी दुर्गा अधिकारी ५३ वर्षकी भइन् । सानोमा दाजुले पढेपछि हुन्छ भन्ने लागेर उनी स्कुल गइनन् । १७ वर्षमा बिहे भएको उनले त्यसपछि मात्र पढाइको महत्व बुझिन् । उनी सानो हुँदा कक्षा चारसम्म विद्यालय गएकी हुन् । त्यतिखेर पाटीमा माटो दलेर सिटाले लेख्नुपर्थ्यो । पढाइमा खासै ध्यान दिइनन् । अहिले दुर्गाले अनौपचारिक शिक्षाको कक्षा लिइरहेकी छिन् । एक वर्षमा जोड, घटाउ, गुणन, भाग गर्न सक्ने भइन् । ए, बी, सी, डी जानिन् । मोबाइल चलाउन सिक्दै छिन् । 'नातिनातिनासँगै स्कुल जाउँ कि भनेको थिएँ तर त्यतिखेर जान सकिएन', उनले भनिन्, 'अहिले पढ्न पाउँदा खुसी छु । तर, हामीले पढे अनुसार कक्षा चढ्दै जाने भए हुन्थ्यो ।' बालकुमारी मावि फैंकामा उनीहरुजस्ता ४५ जना वयस्क र वृद्धा उमेरका महिला अनौपचारिक शिक्षाअन्तर्गत वडाले सञ्चालन गर्दै आएको कक्षामा पढ्छिन् । उनीहरुलाई 'निरन्तर शिक्षा तह१' पुस्तक पढाउने गरेको स्वयंसेवी शिक्षिका रीता सिलवालले बताइन् । उक्त पुस्तकमा कक्षा एकदेखि दुई सम्मका विद्यार्थीले पढ्नेस्तरका नेपाली, अङ्ग्रेजी र गणितका पाठ्यसामग्री समावेश छन् । सामान्य लेखपढसमेत नभएका धेरै गृहिणी महिलाहरु कक्षामा आउन चाहेको उनको भनाइ छ । 'यदि दिउँसो ११ बजेदेखि ३ बजेभित्र कक्षा सञ्चालन गर्ने हो भने कपनमै एक सय ५० जति गृहिणीहरु पढ्न आउँछन्', उनले भनिन्, 'तर हामीसँग त्यति संख्यामा पढाउने कक्षा कोठा र पढाउने जनशक्ति छैन ।' बूढानीलकण्ठ-१२ मा अनौपचारिक शिक्षा कक्षा २०७० सालदेखि सुरु भएको हो । त्यतिखेर वडा नं १० मा बिन्दा गौतम, सावित्री भट्टराईलगायतका महिलामैत्री भन्ने एउटा मञ्च थियो । सोही मञ्चको नेतृत्वमा अनौपचारिक शिक्षा कक्षा सञ्चालन भएको हो । तत्कालीन वडा नागरिक मञ्चका संयोजक शम्भुप्रसाद भट्टराईले २०७४ सालको स्थानीय तह निर्वाचनमा वडा नं १२ मा अध्यक्ष निर्वाचित भएपछि यो कक्षा सञ्चालनलाई निरन्तरता दिने बताए। 'यो कक्षा तीनवटै वडामा लोकप्रिय भएपछि नगरपालिकाको सबै वडामा सञ्चालन गर्ने कि भन्ने छलफल भइरहेको छ', उनले भनिन्, 'हामीले वार्षिक दुई लाख ५० हजार बजेट विनियोजन गरेर तीनवटा वडामा कक्षा चलाइरहेका छौं ।' नगरपालिकाको नगर सुशासन समितिका संयोजकसमेत रहेका भट्टराईले अनौपचारिक शिक्षा कक्षा जुनजुन विद्यालयमा सञ्चालन भइरहेका छन्, सोही विद्यालयसँग समन्वयगरी पढाइअनुसार कक्षा चढाउँदै लैजाने तयारी गरिरहेको बताए । अहिले तीन वटा वडामा दुईजना स्वयम्सेवी शिक्षिकाहरुले पढाउँदै आएका छन् । उनीहरुलाई मासिक आठ हजार तलब सुविधा वडाले उपलब्ध गराएको छ । विविध कारणले सानोमा विद्यालय जान नपाएका गृहिणी महिलाहरु यी कक्षाका लक्षित समूह हुन् । 'शिक्षा त्यस्तो शक्तिशाली हतियार हो, जसको माध्यमबाट तपाईं संसार बदल्न सक्नुहुन्छ', भन्ने दक्षिण अफ्रिकाका प्रथम अश्वेत राष्ट्रपति नेल्सन मण्डेलाको भनाइ झैं शिक्षाप्रति उनीहरुले देखाएको उत्साहले पक्कै समाज रुपान्तरणमा सहयोग गर्नेछ । *-रासस*

# सहमतिपछि पत्रकार महासंघमा लागेको ताला खुल्यो



**पाल्पा,** असार ३०/नेपाल पत्रकार महासंघको सदस्यता विवादपछि नेपाल प्रेस युनियन पाल्पाले तानसेनस्थित महासंघको कार्यालयमा लगाएको ताला आइतबारबाट खुलेको छ । असार १५ गते लगाइएको ताला सहमतिमा खुला गरिएको युनियनकी जिल्ला अध्यक्ष मन गहिरेले बताईन् ।

महासंघको निर्वाचनका लागि तयार गरिएको मतदाता नामावलीमा प्रक्रियामा आएर पनि छुट्न गएका सक्रिय पत्रकारहरुको हकमा प्रेस युनियनले देखाएको चासो र मागलाई सम्बोधन गर्न महासंघ र युनियनबिच केन्द्रमा सहमति भएपछि पाल्पासहित देशैभर लगाइएका ताला खुला गरिएको हो । महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखेल र नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालबिच युनियनले राखेका माग पुरा गर्ने सहमति भएपछि आन्दोलनका सबै कार्यक्रम फिर्ता लिइएको युनियनले जनाएको छ ।

युनियनले पत्रकारको शुद्धीकरण र नयाँ सदस्यता वितरणको विषयमा असमति जनाउँदै महासंघले देशैभर महासंघका कार्यालयमा ताला लगाएको थियो । सदस्यताको सुरुआत र किनारा लगाउने वैधानिक विधि हुँदा हुँदै केन्द्रले एकपक्षीय ढंगबाट सदस्यता वितरण गर्दा क्रियाशील पत्रकारलाई अन्याय भएको भन्दै केन्द्रीय निर्देशन अनुसार नै महासंघमा ताला लगाइएको थियो ।

महासंघले असार २२ गतेका लागि निर्वाचनको मिति तोकेको थियो । विवादपछि निर्वाचन मिति अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

# आज विश्व युवा दक्षता दिवस मनाइँदैं




**पाल्पा,** असार ३०/प्रत्येक वर्षजस्तै जुलाई १५ तारिखका दिन अर्थात् आज विश्व युवा दक्षता दिवस विभित्र कार्यक्रम आयोजना गरी नेपालसहित विश्वभर मनाइन्दै छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले निर्णय गरेपछि संसारभरका युवाको समाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षलाई सुदृढ गर्ने उद्देश्यले यो दिवस मनाउन लागिएको हो ।

दिवसले युवाहरूलाई उचित प्रशिक्षण प्रदान गर्ने र मर्यादित काम, रोजगारी र उद्यमशीलताको लागि सीपहरू सिर्जना गर्ने कुरामा जोड दिन्छ । तर हरेक वर्ष यो दिवस मनाउने गरिए पनि उद्देश्य अनुरुपको उपलब्धी भने हुन सकेको छैन । अहिले पनि कयौं युवाहरु आर्थिक अभावका कारण विदेशीनुपर्ने अवस्था छ । उनीहरुलाई स्वदेशमै रोकी आयआर्जनमा लगाउन सकिएको छैन । कर्मशील युवाको बढ्दो विदेश जाने संख्यासँगै गाउँबस्तीसमेत युवाविहीन बन्दै गएको छ भने कृषिका लागि उर्वर भूमि मानिएका जमिन समेत बाँझो बन्दै गएका छन् ।

देशको प्रमुख आर्य स्रोत नै कृषि भएकाले कृषि कर्म गर्ने ऊर्जाशील युवावर्गको कमीले गर्दा बूढाबूढीले सास्ती खेप्नुपरेको अवस्था छ । यी कुरामा दिवसले हेक्का राख्न सकेको छैन । बेरोजगार मात्र होइन, उनीहरूले रोजगार पाइहालेमा पनि निम्न गुणस्तरको काम पाउने र काममा असुरक्षा र असमानता हुने गरेको पाइएको छ । अझ युवतीहरू बेरोजगार रहने सम्भावना झनै बढी छ । सरकारले वैदेशिक रोजगारलाई समेत व्यवस्थित गर्न सकेको छैन । देशमा शान्ति सुरक्षा व्यवस्थापन कार्यमा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर एक दशकभन्दा बढी समयदेखि द्वन्द्वग्रस्त बनेको हाम्रा मुलुकले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक तथा विकासका हिसाबले पनि काँचुली फेर्न सक्ने अवस्था युवावर्ग आफैंले सिर्जन गर्नुपर्छ ।

# प्रधानमन्त्रीमा ओली...

...प्रतिगमन आधा सच्चिएको भन्दै एमाले पनि देउवा नेतृत्वको सरकारमा सहभागी भएको थियो । तेस्रो पटक २०६३ वैशाख १२ गते गठन भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको अन्तरिम संविधान अनुसार बनेको सरकारमा पनि एमाले सरकारमा सहभागी भएको थियो । चौथो पटक सत्ता सहकार्य २०६६ जेठमा भएको थियो । काँग्रेसको प्रस्तावमा तत्कालीन एमाले नेता माधवकुमार नेपाल २०६६ जेठ ११ गते प्रधानमन्त्री भएका थिए । संविधानसभाबाट नयाँ संविधान जारी गर्नेगरी २०७० माघ २७ गते सुशील कोइराला प्रधानमन्त्रीको जिम्मेवारीमा आएका थिए । फागुन १३ गते एमालेको तर्फबाट सरकारमा सहभागिता भएको थियो । दुई दलबिच यो पाँचौं पटक सत्ता सहकार्य थियो ।

एमालेले सरकारको नेतृत्व गरेपछि कांग्रेसले ११ र एमालेले १० मन्त्रालय पाउने सहमति भएको छ । कांग्रेसका एक नेताका अनुसार गृह र परराष्ट्र काँग्रेसले लिने, अर्थ र सञ्चार एमालेले लिने सहमति भएको छ । अन्य मन्त्रालयका विषयमा भने शीर्ष नेताहरू छलफलमै जुटिरहेका छन् ।

## खेलकुद समाचार

### क्यानडालाई हराउँदै उरुग्वे विजयी



**काठमाडौं,** असार ३०/कोपा अमेरिका फुटबलमा तेस्रो स्थानका लागि भएको खेलमा उरुग्वे विजयी भएको छ । आइतबार बिहान भएको खेलमा क्यानडालाई पेनाल्टी सुटआउटमा ४-३ गोलले हराउँदै उरुग्वे तेस्रो भएको हो ।

ब्याङ्क अफ अमेरिका स्टेडियममा भएको खेल निर्धारित ९० मिनेट २-२ गोलको बराबरी भएपछि पेनाल्टीमा पुगेको थियो । क्यानडाका इस्माइल कोन र जोनाथन डेभिड तथा उरुग्वेका रोड्रिगो बेन्टाङ्कर र लुइस सुवारेजले समान एक गोल गरेपछि बराबरी भयो । तर पेनाल्टीमा क्यानडा पराजित भयो ।

क्यानडा बुधवार भएको पहिलो सेमिफाइनलमा साविक विजेता अर्जेन्टिनासँग २-० गोलले र उरुग्वे बिहीवार भएको दोस्रो सेमिफाइनलमा कोलम्बियासँग १-० ले पराजित भएको थियो । कोपा अमेरिका फुटबलको उपाधिका लागि सोमबार बिहान अर्जेन्टिना र कोलम्बिया खेल्नेछन् ।

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नेप्से उच्च अंकले बढ्यो



**पाल्पा,** असार ३०/कारोबार साताको पहिलो दिन सेयर बजार उच्चतम अंकले वृद्धि भएको छ । आइतबार अघिल्लो दिनको तुलनामा नेप्से परिसूचक ५२ दशमलव ९७ अंकले वृद्धि भएको हो ।

नेप्से बढेसँगै २ हजार २ सय ५७ मा कायम भएको छ । कारोबार रकम पनि बढेको छ । सो अवधिमा नेप्से परिसूचक ५२ दशमलव ९७ अंकले बढेर दुई हजार दुई सय ५७ दशमलव ५९ को विन्दुमा कायम भएको छ । तीन सय नौ कम्पनीको दुई करोड २० लाख ४७ हजार तीन सय २७ कित्ता शेयर ९६ हजार दुई सय ७४ पटक खरिदबिक्री हुँदा सात अर्ब ६२ करोड चार लाख ९८ हजार पाँच सय २० बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै बैङ्किङ तीन दशमलव ७४ र जलविद्युत् समूह तीन दशमलव ३० प्रतिशतले बढेको छ । विकास बैंक एक दशमलव २०, वित्त एक दशमलव ३३, होटल तथा पर्यटन एक दशमलव ०७, लगानी एक दशमलव ३० र जीवन बीमा समूह दुई दशमलव ०५ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६६, लघुवित्त शून्य दशमलव ८२, म्युचुअल फन्ड एक दशमलव ७४, निर्जीवन बीमा एक दशमलव २६, व्यापार दुई दशमलव २१ र अन्य समूह एक दशमलव ९९ प्रतिशतले बढेको छ रिडी पावर कम्पनी लिमिटेड र माण्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव १२ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै जानकी फाइनान्स लिमिटेडको २४ करोड २७ लाख ५८ हजार पाँच सय ७२ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै ग्लोबल आइएमई लिमिटेड प्रमोटर शेयर २० लाख ७५ हजार एक सय दुई कित्ता शेयर किनबेच भएको छ ।

**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा** (H.A.), **मेडिकल ल्याब्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**
क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।
ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।
ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

**- आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
**- फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
**- प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**
फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६
मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई